**रोशी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः९ | भाग-१ | मितिः२०८२/०९/२८


**भाग-१**

रोशी गाउँपालिका

नेपालको संविधानको धारा २२६ बमोजिम रोशी गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ०३

## रोशी गाउँपालिकाको विज्ञापन ऐन, २०८१

**प्रस्तावना:** रोशी गाउँपालिकामा कुनै बस्तु वा सेवाको बजार प्रबर्द्धन, बिक्रि वितरण वा प्रचार-प्रसारको लागि गरिने बाह्य विज्ञापन र रोशी गाउँपालिकाबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सञ्चारमाध्यमबाट गरिने विज्ञापनलाई नियमित, व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकाले,

रोशी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "रोशी गाउँपालिकाको विज्ञापन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,

क) "अनुमतिपत्र" भन्नाले दफा ४, ५ वा ६ बमोजिम प्रदान गरिने अनुमतिपत्र सम्झनुपर्छ ।

ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

घ) " बाह्य विज्ञापन" भन्नाले होर्डिङ्ग बोर्ड, डिजिटल बोर्ड वा अन्य विभिन्न प्रकारका बोर्ड, सूचना पाटी वा संरचनामार्फत घरबाहिर गरिने विज्ञापन सम्झनुपर्दछ र सो शब्दले सार्वजनिक स्थल, सपिङ मल, बसविसौनी, सवारी साधन वा अन्य सार्वजनिक स्थानमा गरिने विज्ञापन समेतलाई जनाउनेछ।

ङ) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, रेडियो, टेलिभिजन जस्ता

विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जालको माध्यमबाट सार्वजनिक रुपमा प्रचार, प्रसार वा प्रदर्शन गरिएको वा प्रचार, प्रसार वा प्रदर्शन गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, बोर्ड तस्विर, सङ्केत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्री सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन र सूचना समेतलाई जनाउँछ।

च) " विज्ञापन प्रकाशन" भन्नाले सार्वजनिक रुपमा जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले पुस्तक, पत्रपत्रिका, पम्प्लेट, ब्रोसर, संकेत वा लिखतका वा अन्य कुनै पनि विज्ञापन सामग्री सार्वजनिक रुपमा प्रकाशन गर्ने कार्य सम्झनुपर्दछ ।

छ) "विज्ञापन प्रसारण" भन्नाले सार्वजनिक रुपमा जानकारी दिने, व्यापार वा व्यवसाय प्रवर्द्धन गर्ने वा सार्वजनिक हितका लागि सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले तयार गरिएको विज्ञापन सामग्रीलाई विद्युतीय सञ्चारमाध्यमबाट प्रचार गर्ने कार्य सम्झनुपर्छ ।

ज) "विज्ञापन बोर्ड" भन्नाले संघीय ऐनको दफा १४ बमोजिमको गठित विज्ञापन बोर्ड सम्झनुपर्छ ।

झ) “विज्ञापन वितरण” भन्नाले विज्ञापन प्रकाशन वा प्रसारणका लागि सञ्चारमाध्यमलाई विज्ञापन सामग्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

ञ) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउनेछ ।

ट) “समिति” भन्नाले दफा १४ बमोजिम गठन हुने स्थानीय विज्ञापन अनुगमन समितिलाई सम्झनुपर्छ ।

ठ) “सञ्चारमाध्यम” भन्नाले सर्वसाधारणलाई सरोकार हुने जानकारी, सूचना, सन्देश, शिक्षा वा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले व्यवसायिक व्यक्तिको संलग्नतामा स्थापना भई नियमित रुपमा सञ्चालनमा रहेका छापा, एफ एम रेडियो, वा त्यस्तै प्रकारका अन्य प्रचार वा प्रसारण गर्ने माध्यम सम्झनुपर्छ।

ड) “परिचयपाटी” भन्नाले व्यापार व्यवसाय वा कार्यालय रहेको स्थानको बारेमा जानकारी दिन राखिने सूचना बोर्डलाई जनाउदछ ।

ढ) “संघीय ऐन” भन्नाले विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ सम्झनुपर्छ ।

ण) “संयोजक” भन्नाले समितिको संयोजक सम्झनुपर्छ ।

त) “होडिङ्ग बोर्ड” भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो

शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियान साइन, प्रोजेक्टर, स्टल डिस्प्ले, सवारी साधन वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको माध्यम सम्झनुपर्छ र सो शब्दले बाह्य विज्ञापन गर्ने प्रयोजनका लागि निर्माण गरिएका संरचना समेत जनाउँदछ।

## परिच्छेद २
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र नलिई बाह्य विज्ञापन गर्न नहुने :** (१) कसैले पनि यस ऐनबमोजिम अनुमतिपत्र नलिई रोशी गाउँपालिका क्षेत्रभित्र देखिने गरी सार्वजनिक स्थलमा बाह्य विज्ञापन गर्न वा गराउने प्रयोजनका लागि कुनै संरचना बनाउन वा होर्डिङ्ग बोर्ड राख्न वा राख्न लगाउन हुदैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि अनुमतिपत्र लिन चाहने व्यक्तिले बाह्य विज्ञापन गर्न चाहेको स्थानको संख्या खुलाई प्रमुख प्रशासकीय अधिकृतसमक्ष देहायका विवरण संलग्न गरी अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

क) बाह्य विज्ञापन गर्न चाहेको घर वा जग्गा रहेको स्थानको जिआईएस म्याप,

ख) बाह्य विज्ञापनको आकार वा प्रकार खुल्ने नमुना स्केच,

ग) बाह्य विज्ञापन गर्न कुनै भौतिक संरचना निर्माण गर्ने भए सोको ड्रईङ्ग वा नक्सा,

घ) बाह्य विज्ञापन राख्न प्रस्ताव गरेको स्थान कसैको निजी स्वामित्वमा भए निजी स्वामित्व प्रमाणित हुने कागजात तथा

त्यस्तो विज्ञापन राख्न सम्बन्धित व्यक्तिसँग भएको सम्झौता,

ङ) बाह्य विज्ञापन गर्न प्रस्ताव गरेको स्थान सार्वजनिक स्वामित्वमा भए स्वामित्व भएको सार्वजनिक निकाय वा स्थानीय तहसँग गरेको सम्झौता,

च) बहालकर तिरेको प्रमाण,\

छ) विज्ञापन एजेन्सी भए बोर्डमा सूचीकृत भएको प्रमाणपत्र,

ज) विज्ञापनदाता, कुनै संघ, संस्था वा ब्यक्तिले सोझै विज्ञापन गर्न चाहेमा कानूनबमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र,

झ) रोशी गाउँपालिकाले समय-समयमा तोकेको अन्य विवरण।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा सडक सीमा वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको आवागमन वा सुरक्षामा प्रतिकुल असर नपर्ने र विज्ञापन बोर्डले निर्धारण गरेको मापदण्डबमोजिमको आकारमा नबढ्ने गरी आफ्नो पेशा वा व्यवसायका सम्वन्धमा परिचयपाटी राख्न सक्नेछ ।

तर परिचयपाटीमा विज्ञापन गर्न चाहने व्यक्तिले दफा ३ बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

४. **<u>अनुमतिपत्र प्रदान गर्ने</u>**: (१) दफा ३ को उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले देहायको विवरण जाचँबुझ गरी अनुमति प्रदान गर्नु पर्नेछ ।

क) बाह्य विज्ञापन राख्ने स्थानको ठेगाना (सडक, घर तथा जग्गा),

ख) सडक, घर तथा जग्गाको स्वामित्व भएको व्यक्तिको विवरण,

ग) बाह्य विज्ञापनको आकार, प्रकार, गुणस्तर, बनौट र विज्ञापन राख्ने अवधि,

घ) बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न आवश्यक पर्ने धरौटी रकम,

ङ) बाह्य विज्ञापन राखे बापत वार्षिक तिर्नुपर्ने अनुमतिपत्र शुल्क,

च) विज्ञापन कर,

छ) रोशी गाउँपालिकाले तोकेको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम जाचँबुझ गर्दा निवेदन माग बमोजिम अनुमतिपत्र जारी हुन मानसिव देखिएमा प्रमुख प्रशासकीय अधिकृतले अनुमतिपत्र बापतको शुल्क लिई अनुसूची-२ बमोजिमको ढाचाँमा अनुमतिपत्र जारी गर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (२) बमोजिम अनुमतिपत्र प्रदान गरिएको विवरण बोर्डको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) अनुमतिपत्र तोकिए बमोजिमको अवधिसम्म बहाल रहनेछ र अवधि सकिएको होर्डिङ्ग बोर्डको तोकिए बमोजिमको दस्तुर तिरी नवीकरण गर्नुपर्नेछ।

५. **सवारीसाधनमा गर्ने विज्ञापनः** (१) यस रोशी गाउँपालिकामा रजिष्टर्ड कार्यालय रहेको कम्पनी वा फर्मबाट संचालन भएको सार्वजनिक सेवा दिने सवारीसाधन वा यस रोशी गाउँपालिकामा स्थायी बसोबास भएका व्यक्ति वा मुख्य कार्यालय रहेको संस्थाको नाममा रहेको निजी सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्तिले त्यस्तो सवारीसाधनमा विज्ञापन गर्न देहायका कागजात संलग्न गरी अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-३ बमोजिमको ढाचाँमा निवेदन दिनु पर्नेछ-

क) सवारीसाधन दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ख) कम्पनी वा समितिको सवारीसाधन भए कम्पनी वा समितिको दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ग) सवारीसाधन नवीकरण गरिएको ब्लु बुकको प्रतिलिपि,
घ) सवारीसाधनको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
ङ) सवारी धनी/कम्पनी/समितिसँग गरिएको सम्झौतापत्रको प्रतिलिपि,
च) सवारीसाधनमा गरिने विज्ञापनको डिजाईन,
छ) रोशी गाउँपालिकाले तोकेका अन्य कागजात।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसको जाचँबुझ गर्नेछ।

(३) उपदफा (२) बमोजिम जाचँबुझ गर्दा निवेदनको व्यहोरा उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतले देहायका विवरण उल्लेख गरी अनुसूची-४ बमोजिमको ढाचाँमा

सवारी साधनमा विज्ञापन गर्न अनुमतिपत्र प्रदान गर्न सक्नेछः

क) सवारीसाधन धनीको नाम तथा ठेगाना,
ख) सवारीसाधन कम्पनी वा समितिको भए कम्पनी वा समितिको नाम, ठेगाना,
ग) सवारीसाधनको नम्बर,
घ) सवारीसाधनमा विज्ञापन राख्ने स्थान,
ङ) सवारीसाधनमा विज्ञापन राख्ने अवधि,
च) सवारीसाधनमा विज्ञापन राख्ने डिजाईन,
छ) रोशी गाउँपालिकाले तोकेको अन्य विवरण।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त भएकोमा सवारीसाधनमा विज्ञापन राखिएको स्थानसँगै स्वीकृत स्थानीय तहको नाम, स्वीकृती नम्बर/ मिति र विज्ञापन राखिने अवधि खुलाउनु पर्नेछ।

(५) सवारीसाधनमा विज्ञापन राख्ने अवधि पुरा भएपछि सवारी धनी वा कम्पनीले त्यस्तो सवारीसाधनमा रहेको विज्ञापन हटाउनु पर्नेछ।

(६) उपदफा (३) बमोजिम सवारीसाधनमा विज्ञापन गर्न अनुमति प्रदान गर्दा लिइने शुल्क तथा कर दफा १० बमोजिम हुनेछ।

(७) उपदफा (५) बमोजिम विज्ञापन नहटाएमा अनुमति प्राप्त व्यक्तिले जानकारी प्राप्त नगरेसम्मको अवधिको विज्ञापन कर तिर्नु पर्नेछ।

६. **अन्य स्थानमा हुने विज्ञापनः** (१) कुनै कार्यक्रम, भेला, समारोह कन्सर्ट वा खेलकुद प्रतियोगिता, मेला महोत्सवमा विज्ञापन गर्न चाहने व्यक्तिले अनुमतिपत्र प्राप्त गर्न प्रमुख प्रशासकीय अधिकृतसमक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिमको निवेदनमा आवश्यक जाँचबुझ गरी तोकिएको शुल्क लिई निश्चित अवधिका लागि विज्ञापन गर्न तोकिएको ढाचाँमा अनुमतिपत्र प्रदान गर्न सक्नेछ।

(३) यस दफाबमोजिम अनुमतिपत्र प्रदान गर्दा कार्यक्रमको अवधि निर्धारण गरी त्यस अवधिमा हुने विज्ञापनको आधारमा कर तथा शुल्क प्राप्त गरी अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

## परिच्छेद-३

## बाह्य विज्ञापनको आकार र सुरक्षासम्बन्धी व्यवस्था

७. **होर्डिङ्ग बोर्डको सुरक्षासम्बन्धी व्यवस्थाः-** (१) दफा ४ बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अनुमतिपत्र प्रदान गर्नु अघि देहायको विषयमा ध्यान दिई अनुमतिपत्र प्रदान गर्नुपर्दछ-

क) होर्डिङ्ग बोर्ड राख्ने स्थानको भौतिक संरचना,

ख) होर्डिङ्ग बोर्डको आकार, प्रकार,

ग) घर, भवन तथा पूर्वाधारको भार वहन क्षमता।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्र बमोजिम होर्डिङ्ग बोर्ड वा संरचना निर्माण गर्नु पर्दछ।

(३) होर्डिङ्ग बोर्ड वा संरचना निर्माण भएपछि प्राविधिक निरीक्षण गराई प्राप्त निरीक्षण प्रतिवेदनको आधारमा मात्र विज्ञापन राख्ने अनुमतिपत्र प्रदान गर्नु पर्छ।

८. **डिजिटल बोर्डसम्बन्धी व्यवस्थाः-** (१) अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले डिजिटल बोर्डमार्फत विज्ञापन गर्ने भए निजले देहायका शर्त पालना गर्नुपर्नेछः-

क) डिजिटल बोर्ड राखिएको स्थानको सिसिटिभि मनिटरिङ्ग गर्ने व्यवस्था भएको,

ख) असम्बन्धित व्यक्तिको प्रवेश हुन नदिन वायोमेट्रिक प्रणालीको व्यवस्था गरेको,

ग) बाह्य पोर्टको प्रयोग नहुने सुनिश्चितता गरेको,

घ) सुरक्षित पासवर्ड राखेको,

ङ) प्राइभेट नेटवर्क प्रयोग भएको।

(२) अनुमतिपत्र प्रदान गर्ने अधिकारीले उपदफा (१) बमोजिम भए वा नभएको प्राविधिक निरीक्षण गराई प्राप्त प्रतिवेदनको आधारमा विज्ञापन गर्न अनुमति प्रदान गर्नुपर्नेछ।

९. **<u>होर्डिङ्ग बोर्डको आकार र स्थानः</u>** (१) होर्डिङ्ग बोर्डको आकार तोकिए बमोजिम हुनेछ।

(२) सडक वा राजमार्गमा बाह्य विज्ञापन राख्न दफा ४ बमोजिम अनुमतिपत्र प्रदान गर्दा सडक किनाराबाट शहरी क्षेत्र भए कम्तीमा पाँच फिट र राजमार्गको हकमा कम्तीमा दश फिट जग्गा छोडेर बाह्य विज्ञापन राख्न अनुमतिपत्र प्रदान गर्नुपर्नेछ।

(३) सडक वा राजमार्गको घुम्तीमा बाह्य विज्ञापन राख्दा अगाडिबाट आईरहेको सवारी साधन छेकिने वा नदेखिने गरि अनुमतिपत्र प्रदान गर्न सकिने छैन।

(४) सडक वा राजमार्ग दायाँ-बाँयाका होर्डिङ्ग बोर्डमा फ्लेक्स प्रिन्टबाट विज्ञापन गर्दा कम्तीमा छ महिनाभित्र नयाँ प्रिन्ट राख्नु पर्ने गरी अनुमतिपत्र प्रदान गर्नुपर्नेछ।

(५) प्रमुख प्रशासकीय अधिकृतले वा निजले तोकेको अधिकारीले खुईलिएका वा च्यातिएका होर्डिङ्ग बोर्ड वा परिचयपाटी हटाउन वा परिवर्तन गर्न निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित पक्षले होर्डिङ्ग बोर्ड वा परिचयपाटी नहटाएमा प्रमुख प्रशासकीय अधिकृतले हटाउने छ र त्यसको खर्च सम्बन्धित व्यक्तिबाट शोधभर्ना लिईनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो पेशा वा व्यवसाय गर्ने घर वा कार्यालय परिसरभित्र सार्वजनिक सडक वा जग्गामा बाधा नपर्ने वा सर्वसाधारणको आवगमन र सुरक्षामा असर नपर्ने गरी आफ्नो पेशा वा व्यवसाय गर्ने व्यक्तिले बढीमा तीस वर्गफिटसम्मको एउटा परिचयपाटी राख्न सक्नेछ।

१०. **<u>कर वा शुल्क लिनु पर्ने</u>** : (१) रोशी गाउँपालिकाले होर्डिङ्ग बोर्ड राख्ने अनुमतिपत्र प्रदान गर्दा देहायका कर असुल गर्न सक्नेछः-

क) निजी जग्गा वा घरमा होर्डिङ्ग बोर्ड राखेको भए त्यस्तो जग्गा वा घर धनीले प्राप्त गर्ने रकममा बहाल कर,

ख) सार्वजनिक जग्गा वा घरमा होर्डिङ्ग बोर्ड राख्ने भए बहाल वा बहाल कर,

ग) होर्डिङ्ग बोर्ड वा संरचना राख्ने अनुमति शुल्क वा त्यसको नवीकरण गर्दा नवीकरण शुल्क

घ) विज्ञापन प्रचार, प्रसार गरे वापतको विज्ञापन कर,

ङ) होर्डिङ्ग बोर्ड राखे वापत तोकिएको धरौटी रकम ।

(२) उपदफा (१) बमोजिम लाग्ने कर वा शुल्कको दर रोशी गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद –४
## अनुगमन समितिको गठन र काम कर्तव्य र अधिकार

११. **अनुगमन समितिको गठन:** (१) स्थानीयस्तरमा आमसञ्चारका माध्यमबाट भएको विज्ञापन वा बाह्य विज्ञापनको अनुगमन गर्न देहाय बमोजिमको "स्थानीय विज्ञापन अनुगमन समिति" रहनेछः-

(क) अध्यक्ष/उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख/अध्यक्षले स्थानीय विज्ञापनदाताहरु मध्ये मनोनयन गरेको स्थानीय उद्योगपति वा व्यवसायी एकजना - सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको स्थानीय सञ्चारमाध्यमको प्रतिनिधि एकजना -सदस्य

(ङ) विज्ञापन एजेन्सीको वा विज्ञापन व्यवसायमा कम्तीमा पाँच बर्ष अनुभव प्राप्त व्यक्तिमध्ये अध्यक्षले मनोनयन गरेको ब्यक्ति एक जना -सदस्य

(२) सूचना तथा सञ्चारसम्वन्धी विषय हेर्ने शाखा/महाशाखाको प्रमुखले समितिको सचिव भई काम गर्नेछ।

(३) समिति गठन गर्दा कम्तिमा दुईजना महिला हुने गरी समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) वमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको काम सन्तोषजनक नदेखिएमा, समितिको हित विपरित कुनै काम गरेमा, निजको खराव आचरण भएमा, कार्य सम्पादन नगरी निज निष्कृय भएमा वा फौजदारी अभियोगमा निज कसुरदार ठहरिएमा समितिले कारण खुलाई जुनसुकै बखत निजलाई पदमुक्त गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(७) समितिले आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(८) उपदफा (७) वमोजिमको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **समितिको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;-

क) स्थानीय तहबाट अनुमति प्राप्त गरी स्थानीयस्तरमा सञ्चालन भएका सञ्चारमाध्यमबाट हुने वा भएका विज्ञापन तथा बाह्य विज्ञापन संघीय ऐन, यस ऐन तथा प्रचलित कानून बमोजिम भए, नभएको सम्बन्धमा अनुगमन गर्ने।

ख) अनुगमन गर्दा यस ऐन वा यस ऐन वमोजिम बनेको नियम वा प्रचलित कानून, मापदण्ड, विज्ञापन आचारसंहिता पालना नगरी विज्ञापन गर्ने व्यक्ति वा अनधिकृत रुपमा होर्डिङ बोर्ड राख्ने ब्यक्तिलाई

छानविनको लागि न्यायिक समिति समक्ष सिफारिश गर्ने ।

ग) अनुगमनका क्रममा कसैले विज्ञापन गर्दा यो ऐन वा प्रचलित कानून वमोजिम विज्ञापनसम्वन्धी मापदण्ड पालना गरेको नपाईएमा कारण उल्लेख गरी त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिने।

घ) अनधिकृत रुपमा होर्डिङ्ग बोर्ड राखी बाह्य विज्ञापन गरेको पाइएमा त्यस्ता बोर्डलाई हटाउने र हटाउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गराउने।

ङ) स्थानीयस्तरमा विज्ञापनकर्ता, विज्ञापन एजेन्सी, विज्ञापनदाता, सञ्चार माध्यमहरुका बीच समन्वय गर्ने।

च) विज्ञापन करको दर निर्धारण गरी सिफारिस गर्ने।

छ) स्थानीयस्तरमा विज्ञापन बजारको विकास र विस्तारको सम्बन्धमा आवश्यक काम गर्ने, गराउने।

ज) स्थानीय आवश्यकताअनुसार सार्वजनिक हित सम्वन्धी विज्ञापन निर्माण गरी स्थानीय सञ्चारमाध्यममा प्रकाशन वा प्रसारण गर्ने गराउने।

झ) स्थानीय तहमा विज्ञापनसम्वन्धी उपभोक्ता सजकता कार्यक्रम सञ्चालन गर्ने वा गराउने ।

ञ) सञ्चारमाध्यमलाई रोशी गाउँपालिकाबाट उपलब्ध गराउनुपर्ने सार्वजनिक हितसम्वन्धी विज्ञापन तोकिएको आधारमा समितिमार्फत समानुपातिक रुपमा स्थानीय सञ्चारमाध्यमा वितरण गर्ने।

ट) विज्ञापन अनुगमनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा विज्ञापन बोर्डबाट प्राप्त सुझाव पालना गर्ने वा गराउने ।

ठ) तोकिएको बमोजिमको अन्य काम गर्न वा गराउने ।

१३. **समितिको वैठक:** (१) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिन सक्नेछ ।

(५) बैठकको निर्णय संयोजक र सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(६) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **समितिको सचिवालय:** (१) समितिको सचिवालय रोशी गाउँपालिकाको कार्यालय परिसरमा रहनेछ ।

(२) समितिको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी, फर्निचर, कार्यालय सामग्री र बजेट रोशी गाउँपालिकाले उपलब्ध गराउनेछ।

## परिच्छेद –५

## उजुरी, कसुर, सजाय, क्षतिपूर्ति र पूनरावेदन

१५.**उजुरी गर्न सक्ने:** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी स्थानीयस्तरमा सञ्चालन भएका सञ्चारमाध्यम वा होडिङ्ग बोर्डमार्फत हुने बाह्य विज्ञापन संघीय ऐन, प्रचलित कानून र यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड, विज्ञापन आचारसंहिता विपरित भएको पाईए त्यस्तो जानकारी पाउने जुनसुकै व्यक्तिले समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम प्राप्त उजुरी उपर छानविन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी छानविन गर्दा कसैलाई कारबाही गर्नुपर्ने देखिएमा समितिले आफै कारवाही गर्न सक्ने भए आफैले र आफ्नो अधिकार क्षेत्र नभएको विषय भए अधिकार क्षेत्र भएको सम्वन्धित निकायमा कारवाहीको लागि लेखि पठाउनु पर्नेछ ।

(४) कसैले विज्ञापन गर्दा संघीय ऐन वा सो अन्तर्गत नियमावली, आचारसंहिता, यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा मापदण्ड

पालना गरेको नपाइएमा समितिले कारण खुलाई त्यस्तो विज्ञापन संशोधन गर्न वन्द गर्न वा हटाउन आदेश दिनेछ र त्यस्तो आदेश भएमा त्यसको पालना गर्नु सम्वन्धित पक्षको कर्तव्य हुनेछ ।

(५) उपदफा (४) बमोजिमको आदेशको कसैले अवज्ञा गरेमा समितिले त्यस्तो आदेशको पालना उल्लङ्घन गर्ने व्यक्तिलाई कारबाही तथा जरिवानाका लागि रोशी गाउँपालिकाको न्यायिक समितिमा सिफारिश गर्नेछ।

(६) उपदफा (४) वमोजिमको आदेश पालना नगर्ने वा यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा मापदण्ड पालना नगरी विज्ञापन गरेको पाइएमा त्यस्तो व्यक्तिलाई स्थानीय न्यायिक समितिले एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(७) उपदफा (१) वमोजिम प्राप्त उजुरीउपर भएको कारवाहीको जानकारी उजुरीकर्ताले नाम ठेगाना उल्लेख गरी दिएको रहेछ भने समितिले उजुरीकर्तालाई दिनुपर्नेछ ।

(८) उजुरीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६.**<u>कसुर र सजाय:</u>** (१) कसैले दफा ३, ५ वा ६ विपरीत विज्ञापन गरेको वा संघीय ऐन विपरित कसुर गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) वमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई समितिको सिफारिसमा स्थानीय तहको न्यायीक समितिले कसुरको गम्भीरता अनुसार एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले विज्ञापन गर्दा संघीय ऐन वा यस ऐन विपरित कसुर हुने काम गरेको पाईएमा त्यस्तो व्यक्तिलाई संघीय ऐन बमोजिम कारवाही गर्नु पर्ने भए सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(४) सञ्चारमाध्यमबाट यस ऐन विपरित कुनै विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण भएकोमा त्यस्तो सञ्चारमाध्यमको सम्पादनसम्बन्धी कार्यभार सम्हाल्ने सम्पादकलाई सोही कारणले मात्र यस ऐन बमोजिम सजाय गरिने छैन । तर सम्पादक नै सञ्चारमाध्यमको सञ्चालक भएकोमा यस दफा बमोजिम सजाय गर्न वाधा पर्ने छैन ।

१७.**क्षतिपूर्ति सम्वन्धी व्यवस्था:** (१) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित विज्ञापन गरेबाट कसैलाई कुनै किसिमको क्षति भएमा त्यसबाट मर्का पर्ने पक्षले क्षतिपूर्तिका लागि समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा समितिले निवेदन उपर जाँचबुझ गर्दा क्षति पुगेको देखिएमा त्यस्तो निवेदकलाई विज्ञापनकर्ताबाट मनासिव क्षतिपूर्ति भराई दिन सिफारिशसहितको प्रतिवेदन स्थानीय न्यायिक समितिमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रतिवेदन वमोजिम न्यायिक समितिले मर्का पर्ने पक्षलाई क्षतिपूर्ति भराई दिने गरी निर्णय गर्न सक्नेछ ।

१८.**पुनरावेदन:** यस ऐन बमोजिम गाउँ/नगर कार्यपालिका, समिति वा न्यायिक समितिले गरेको निर्णयमा चित्त नबुझेमा निर्णय भएको जानकारी पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद–६
## विविध

१९.**विज्ञापन गर्दा समितिमार्फत गर्नुपर्ने:** (१) यस रोशी गाउँपालिका अन्तर्गतका कार्यालय वा निकायको विज्ञापन गर्दा समितिमार्फत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन प्रकाशन वा प्रसारण गर्दा विज्ञापन बोर्डले उपलब्ध गराएको सूचनाप्रविधिमा प्रविष्ट गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन प्रकाशन वा प्रसारणको लागि विज्ञापन एजेन्सीको सहयोग आवश्यक परेमा विज्ञापन बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खरिद सम्वन्धी प्रचलित कानून विपरित नहुने गरी सहयोग लिन सकिनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चारमाध्यम छनौट गर्दा विज्ञापन बोर्डमा सूचीकृत स्थानीयस्तरका सञ्चारमाध्यम मध्येबाट गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन वा प्रसारण गर्ने भए सञ्चारमाध्यमको वीलको प्रतिलिपि राखी एजेन्सीको सेवा शुल्क खुल्ने वीलको आधारमा भुक्तानी गर्नु पर्नेछ ।

(६) प्रकाशन वा प्रसारण भएको विज्ञापन वापतको रकम भुक्तानी गर्दा संघीय ऐनको दफा २१ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोषमा जम्मा गरी बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

२०.**सार्वजनिक हितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण:** (१) यस रोशी गाउँपालिकाले सार्वजनिक हित वा जनहितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा समितिमार्फत स्थानीय कानून वमोजिम अनुमति प्राप्त सञ्चारमाध्यमबाट गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि रोशी गाउँपालिका वा अन्तर्गतका कार्यालयले कुनै विज्ञापन तत्काल प्रकाशन गर्नु पर्ने अवस्था भएमा सञ्चारमाध्यममा उपलब्ध गराई प्रकाशन वा प्रसारण गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम विज्ञापन प्रकाशन वा प्रसारण गरिएको भए सोको एक प्रति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम प्रकाशन वा प्रसारण भएको विज्ञापनको भुक्तानी समितिमार्फत गर्नु पर्नेछ ।

(५) सार्वजनिक वा जनहितसम्वन्धी विज्ञापन प्रकाशन वा प्रसारण गर्दा रोशी गाउँपालिकाबाट अनुमति लिएका सञ्चारमाध्यमलाई समानुपातिक रुपमा विज्ञापन उपलब्ध गराउनु पर्नेछ ।

२१. **निशुल्क वा सहुलियत दरमा विज्ञापन गर्नुपर्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को समयमा सर्वसाधारणको हित वा जानकारीको लागि प्रवाह गरिने विज्ञापन सञ्चारमाध्यमले निशुल्क वा सहुलियत दरमा प्रकाशन वा प्रसारण गर्नुपर्नेछ ।

(२) बाह्य विज्ञापन प्रयोजनको लागि निर्माण भएका होर्डिङ्ग बोर्ड विज्ञापन नभएको बेला खाली राख्न पाईने छैन।

(३) उपदफा (२) बमोजिम खाली हुन आएमा स्थानीय तह, प्रदेश सरकार वा बोर्डले उपलब्ध गराएका सार्वजनिक हित र जनहितका सामग्री राख्नु पर्नेछ।

(४) डिजिटल बोर्डमा कम्तिमा १० प्रतिशत समय सार्वजनिक हित र जनहितका सामग्री प्रदर्शनका लागि निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमका विज्ञापन स्थानीय तह, प्रदेश सरकार र बोर्डले उपलब्ध गराउनेछ।

२२.**संघीय ऐन वा प्रचलित कानूनको पालना गर्नुपर्ने:** (१) यस ऐन बमोजिम अनुमतिपत्र जारी गर्दा वा विज्ञापन गर्दा वा गराउँदा संघीय ऐन तथा सो अन्तर्गत बनेको नियमावली, आचारसंहिता, मापदण्ड र प्रचलित संघीय कानुनको अधिनमा रही गर्नुपर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले यस ऐन बमोजिम जारी गरेको अनुमतिपत्रमा उपदफा (१) बमोजिमको ऐन, नियमावली वा मापदण्डको व्यवस्था पालना नगरेमा जुनसुकै बखत अनुमतिपत्र रद्द हुने शर्त स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

२३.**सूचीकृत हुनुपर्ने:** (१) स्थानीय तहबाट अनुमति प्राप्त सञ्चारमाध्यम वा विज्ञापन एजेन्सी विज्ञापन बोर्डमा सूचीकृत हुनुपर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन एजेन्सी वा सञ्चारमाध्यम यो ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र उपदफा (१) बमोजिम सूचीकृत हुनुपर्नेछ ।

२४.**नियम बनाउने अधिकार:** यस ऐनको उदेश्य प्राप्त गर्नका लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**अनुसूची १**

दफा ३ को उपदफा (२) सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

रोशी गाउँपालिकाको कार्यालय।

विषय : बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) को लागि अनुमति पाउँ।

रोशी गाउँपालिकाको वडा नं......., ............. स्थित .......................... को...................... घर वा जग्गामा विज्ञापन/प्रचारप्रसारको लागि बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्ने अनुमतिको लागि .............को विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ३को उपदफा (२) बमोजिम देहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माणको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन गरेको छु। होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्न तथा उक्त बोर्डमा बाह्य विज्ञापन राख्न अनुमति पाउँ।

**विवरण:**

(क) होर्डिङ्ग बोर्ड/संरचना निर्माण हुने घर तथा जग्गा धनीको नाम :– ............................

(ख) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानः- वडा नं ......... स्थानः........ घर नं. ............. ................मार्ग/पथ/सडक...........

(ग) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्न प्रस्ताव गरेको स्थानको स्वामित्वः निजी / सार्वजनिक

(घ) होर्डिङ बोर्ड वा संरचना राख्न चाहेको अवधिः ........................ देखि .................... सम्म

(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार प्रकार र बनौटः-

(अ) होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-

(आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट

(ग) बनौटः

उपर्युक्त व्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**

नामथरः

पदः

संस्थाको नाम/ठेगानाः

मितिः

संस्थाको छापः

**अनुसूची २**

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

श्री...............................

.............................................।

विषयः होर्डिङ्ग बोर्ड/बाह्य विज्ञापन राख्ने अनुमतिपत्र।

दर्ता मिति ......

प्रमाण पत्र नं. .....

रोशी गाउँपालिकाको वडा नं......., ............. स्थित .......................... को...................... घर वा जग्गामा श्री...........................लाई............को विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ४ बमोजिम देहायको आकार प्रकारको होर्डिङ्ग बोर्ड राख्न वा संरचना निर्माण गर्नका लागि देहायका शर्त पालना गर्ने गरी यो अनुमतिपत्र प्रदान गरिएको छ।

**होर्डिङ्ग बोर्ड/संरचनाको विवरणः**

(क) होर्डिङ्ग बोर्ड/संरचना रहने घर तथा जग्गा धनीको नाम :–.............................

(ख) होर्डिङ बोर्ड वा संरचना निर्माण हुने स्थानः- वडा  नं ......... स्थानः........ घर नं. ............. .................मार्ग/पथ/सडक...........

(ग) होर्डिङ बोर्ड वा संरचना  निर्माण हुने स्थानको स्वामित्वः निजी / सार्वजनिक

(घ) होर्डिङ बोर्ड वा संरचना रहने अवधिः ........................ देखि ................... सम्म

(ङ) होर्डिङ्ग बोर्ड वा संरचनाको आकार, प्रकार र बनौट :-

(अ) होर्डिङ्ग बोर्ड वा संरचनाको प्रकारः-

(आ) आकारः-....... लम्बाई....... चौडाई.......वर्गफिट

(इ) बनौटः

(च) होर्डिङ बोर्ड वा संरचना निर्माण गर्ने संस्था/विज्ञापन एजेन्सीको नाम, ठेगाना र सम्पर्क नः-

(छ) होर्डिङ बोर्ड वा संरचनाको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविकको विवरणः-

| क्र.स | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर,ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................
विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर

अनुमतिपत्र प्रदान गर्ने अधिकारीको
नाम,थरः
पदः
हस्ताक्षरः
मितिः

**शर्तहरुः**

१. होर्डिङ बोर्ड वा संरचना धनी वा विज्ञापन एजेन्सीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै आगामी आर्थिक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

२. नविकरण गर्दा विज्ञापन कर तथा अन्य कर तथा शुल्क चुक्ता गर्नु पर्नेछ।

३. होर्डिङ बोर्ड वा संरचनाको स्वामित्व तथा स्थान परिवर्तन गर्नु परेमा स्थानीय तहको पूर्व स्वीकृति लिनु पर्नेछ।

४. होर्डिङ बोर्ड वा संरचना हटाउनु परेमा स्थानीय तहलाई बुझाउन बाँकी रकम बुझाई हटाउन सकिनेछ।

५. होर्डिङ बोर्ड वा संरचनामा विज्ञापन नभएको बखत स्थानीय तह वा विज्ञापन बोर्डले उपलव्ध गराएका जनहित तथा सार्वजनिक हित सम्बन्धी विज्ञापन राख्नु पर्नेछ।

६. होर्डिङ बोर्ड वा संरचनाको अनुमति प्राप्त अवधिभर सोको स्वीकृत स्केच, ड्रइङ्ग, डिजायन साथमा राख्नु पर्नेछ।

७. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा यो ऐन विज्ञापन आचारसंहिता पालना नगरेको पाईएमा यो अनुमतिपत्र जुनसुकै बेला रद्द गर्न सकिने छ।

८. यस कार्यालयबाट समय समयमा जारी हुने आदेश, निर्देशन वा सूचनाको पालना गर्नु पर्नेछ।

**अनुसूची-३**

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
रोशी गाउँपालिकाको कार्यालय ।

विषय: सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र पाउँ।

............जिल्ला,..................................गाँउपालिका/नगरपालिकाको वडा नं ...... स्थायी बसोबास भएका श्री......................................... को नाममा दर्ता रहेको सवारी साधन नं........................... मा .................... विषय/कम्पनीको विज्ञापन प्रचार प्रसारको लागि यस गाँउपालिकाको विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को दफा ५ बमोजिम विषयको विज्ञापन गर्नको लागि देहायका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु। सवारीसाधनमा विज्ञापन राख्न अनुमतिपत्र पाउँ।

**विवरण:**

(क) सवारीसाधन दर्ताको प्रमाणपत्र
(क) सवारीसाधनको प्रकारः बस /ट्रक /जीप /कार
(ख) कम्पनी वा समितिको सवारी साधन भए कम्पनि वा समिति दर्ता प्रमाणपत्र
(ग) सवारीसाधनको नविकरण गरिएको ब्लु बुक
(घ) सवारीसाधनको करचुक्ता प्रमाणपत्र
(ङ) सवारी धनी / कम्पनी/ समितिसँग गरिएको सम्झौतापत्र,
(च) विज्ञापन गर्ने अवधिः ........................ देखि .................... सम्म
(छ) विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः...........................
(ज) विज्ञापनको आकार वा प्रकार खुल्ने स्केच, ड्रईङ्ग वा डिजाईन
(झ) विज्ञापन एजेन्सीमार्फत विज्ञापन गर्दा उक्त एजेन्सी बोर्डमा सूचीकृत भएको प्रमाणपत्र
(ञ) विज्ञापनदाता आफैले विज्ञापन गर्ने भए कानुन बमोजिम दर्ता भई नवीकरण गरेको प्रमाणपत्र
(ट) कर चुक्ता गरेको प्रमाणपत्र
(ठ) स्थानीय तहले समय, समयमा तोकेका अन्य कागजात

उपर्युक्त व्यहोरा ठिक साँचो छ।झुठा ठहरे कानून बमोजिम सहूँला बुझाँउला।

**भवदीय**

नामथरः
पदः
संस्थाको नाम/ठेगानाः

**अनुसूची-४**

दफा ५ को उपदफा (३) सँग सम्बन्धित

श्री..................................

.......................................।

**विषयः सवारीसाधनमा विज्ञापन राख्ने अनुमतिपत्र।**

दर्ता मितिः ......

प्रमाण पत्र नं. .....

..................जिल्ला....................................नगर/गाउँपालिका वडा नं........ स्थायी बसोबास भएका श्री.......................................... को नाममा दर्ता रहेको सवारी साधन नं............................ मा विज्ञापन (नियमन गर्ने) ऐन, २०८१ को उपदफा (३) बमोजिम देहायका शर्त र समय समयमा गाउँपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सवारीसाधनमा विज्ञापन राख्न अनुमति प्रदान गरिएको छ।

**विज्ञापनको विवरण** :

१. विज्ञापन रहने सवारीसाधन धनी वा कम्पनीको नाम :-...............
२. सवारीसाधनको नम्बर :- ..................................................
३. सवारीसाधनमा विज्ञापन रहने स्थानः ......................................
४. विज्ञापनको विषय/कम्पनी/संस्थाको नामः.................................
५. विज्ञापनको आकार, प्रकार र बनौट :- ....................................
६. विज्ञापन एजेन्सीको नाम, ठेगानाः-.............................................
७. विज्ञापन रहने अवधि....................देखि.............................सम्म
८. विज्ञापन वा सवारीसाधनको स्वामित्व परिवर्तन भएमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.स | साविकवालाको नाम थर, ठेगाना/साविकको विज्ञापन | हालवालाको नाम थर,ठेगाना/ साविकको विज्ञापन | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |

................................

अनुमतिपत्र जारी गर्ने अधिकृतको:

विज्ञापन स्वामित्व भएको संस्थागत/व्यक्तिको हस्ताक्षर

नाम,थर:

पद:

हस्ताक्षर:

मिति:

**शर्तहरुः**

१. विज्ञापनदाता/विज्ञापन एजेन्सी/सवारी धनीले प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगाबै आगामी आर्थिक वर्षको लागी नवीकरण गर्नु पर्नेछ।

२. नवीकरण गर्दा विज्ञापन कर तथा अन्य शुल्क चुक्ता गर्नु पर्नेछ।

३. विज्ञापनको विषय / विज्ञापनदाता एवं सवारीसाधनको स्थान परिवर्तन गर्नुपरेमा स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्नेछ।

४. विज्ञापन हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी स्थानीय तहबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।

५. सवारीसाधनमा विज्ञापन राख्ने अवधि पुरा भएपछि सवारी धनी वा कम्पनिले त्यस्तो सवारीसाधनमा विज्ञापन हटाई पुरानै अवस्थामा ल्याउनु पर्नेछ

६. पुरानै अवस्थामा ल्याएको सवारीसाधनमा भएको विज्ञापन हटाएको प्रमाणपत्र स्थानीय तहबाट लिनु पर्नेछ।

७. बुँदा नं (६) बमोजिम प्रमाणपत्र नलिने सवारीसाधनले प्रमाणपत्र नलिएको अवधिसम्मको कर तिर्नु पर्नेछ।

८. संघीय ऐन वा सो अन्तर्गत बनेको नियमावली, मापदण्ड वा आचारसंहिता र यो ऐन वा यस अन्तर्गत बनेको नियमावली प्रतिकूल हुने गरी कुनै काम गरेको पाइएमा जुनसुकै बखत यो अनुमतिपत्र रद्द हुन सक्नेछ।